**"रुपान्तरण सम्भव छ : हामी गर्छौं ।"**

**प्रभावित देखि परिवर्तनका संवाहक अग्रणी महिलाहरुद्वारा पारित घोषणापत्र**

**२०८२ मंसिर १४**

काठमाण्डौमा, ३४ औं महिला हिंसा विरुद्धको १६ दिने अन्तराष्ट्रिय अभियान अन्तर्गत महिला मानव अधिकार रक्षक दिवसको दिन २०८२ साल मंसिर १३ गते आयोजित अग्रणी राष्ट्रिय सम्मेलनमा सातै प्रदेशबाट सहभागिता जनाएका १०० जना हामि हिंसा प्रभावित महिलाहरू १२ बुँदे माग सहित अग्रणी घोषणा २०८२ जारी गर्दछौं ।

१.संविधानले समानताको अधिकार भनि उल्लेख गरेता पनि संविधान लागु भएको १० बर्ष विसिक्दा पनि हामि महिलाहरुको स्वतन्त्रताको अधिकार स्थापित हुन सकेको छैन । फलस्वरूप हामीलाई नागरीकता, जन्मदर्ता, बिबाह दर्ता जस्ता जीवनका आधारभूत कागजात बनाउनका लागि पुरुषमा वा परिवारमा निर्भर हुनु परिरहेको छ । हामी मध्ये धेरै महिलाहरुलाइ अझै पनि परिवार, श्रीमान्ले यिनै विषयमा नियन्त्रण गर्दै विभिन्ने हिँसा भोग्न र हिसा सहेर बस्न बाध्य गराइरहेको छ पारीवारीक सम्पत्ति र राज्यका अन्य श्रोतमाथिको पहुचमा समेत बाधा उत्पन्न भएको छ । तसर्थ हामी सरकारलाई अबिलम्ब हाम्रो स्वतन्त्र पहिचान स्थापित हुने प्राबधानहरु तयार गर्दै, देशभर सामाजीक रुपान्तरणको अभियान चलाई हाम्रो सामाजीक र कानुनी हिसाब ले स्वतन्त्र पहिचान स्थापीत हुन सक्ने आधार तयार गर्न माग गर्दछौं ।

२. हाम्रो न्यायमा पहुँच सुनिश्चितताका लागि संघ देखि स्थानीय तहसम्म कानुनी रुपमा व्यवस्था गरिएका सबै सेवा प्रवाह गर्ने निकाय, संयन्त्र र कोषहरुको अनिवार्य र प्रभावकारी कार्यान्वयन, पँहुचयोग्य-गुणस्तरीय-प्रभावित केन्द्रित तथा लैङ्गिकउत्तरदायी सेवाहरुको सुनिश्चिता अविलम्ब गरियोस् ।

३. जेनजी आन्दोनको दौरानमा हजारौं कैदि बन्दिहरु जेलबाट बाहिरिएका कारणल हामी थप जोखिममा छौं । हिजो हामीमाथि विभिन्न प्रकारका जघन्य अपराध गर्ने अपराधीहरु अहिले हामीलाई थर्काइरहेका छन् । अदालतका कागजात नष्ट भएको, हामी माथि अपराध भएको तथ्य प्रमाणहरु पनि नष्ट भएको भनेर हाम्रो न्यायलाई प्रभावित गर्ने कार्यहरु भइरहेको छ । त्यसले हामी भित्र अन्यौलता र निराशा जन्मिएको छ । हाम्रो न्यायको पहलमा सहजीकरण गर्न सहयोग गर्ने महिला मानव अधिकार रक्षकहरु पनि सुरक्षा जोखिममका छन् । हामी सरकारले यो अवस्थाको तत्काल विशेष संवोधन गर्दै, स्थानीय तहमा **न्यायिक सुनुवाइ डेस्कको** स्थापना गनुका साथै जोखिममा भएका महिला मानब अधिकार रक्षक सहित हाम्रो सुरक्षाको लागि आवश्यक व्यवस्था मिलाई हामी देशमा सुरक्षित छौं भन्नेमा आश्वस्त गर्न अनुरोध गर्दछौं ।

४. ओसिएमसी, सुरक्षावास  जस्ता समुदाय तहदेखि हामी देखि हामी जस्ता हिंसा प्रभावितहरुका लागि सहयोग गर्ने संयन्त्रहरुले प्रदान गर्ने सेवाहरुलाई अत्यावश्यक सेवाको रुपमा अवलम्वन गर्दै यस्ता संयन्त्रहरुको कार्य प्रभावकारिताको लागि पर्याप्त स्रोतको व्यवस्था र एकीकृत सहयोग प्रणाली तथा पहुँच अभिबृद्धि गरियोस्  ।

५. न्याय प्राप्तिका लागि हामी हिंसा प्रभावित महिलाहरूले नै प्रमाण जुटाउनुपर्ने बाध्यकारी अवस्थाको अन्त्य गरी प्रमाण संकलन, अनुसन्धान र न्यायिक प्रक्रियामा राज्यका निकायहरुलाई जिम्मेवार बनाउने गरी नीतिगत व्यवस्थाको माग गर्दछौँ ।

६. हाल सामाजिक सञ्जाल तथा अनलाइनबाट हुने हिंसाका घटनाको दर बढ्दो छ । नयाँ स्वरूपका घटनाहरू बढिरहेको छ । यस्ता प्रवृत्तिका घटनाको सम्बोधन सङ्घीयस्तरबाट मात्र हुने  हामीलाई न्याय प्राप्त गर्न कठिनाई भइरहेको छ, त्यसैले त्यस्ता हिंसा प्रभावितले छिटो, छरितो र सहज रूपमा न्याय लिन सक्ने वातावरण निर्माणका लागि जिल्लास्तरबाट नै यस्ता प्रकारका संयन्त्रको स्थापना  गरी छिटोछरितो एवम् प्रभावकारी सेवा प्रवाहको माग गर्दछौँ ।

७. घरेलु हिंसा तथा अन्य लैङ्गिक हिंसाका घटनाहरुलाई कानुनी प्रक्रियामा भन्दा आपसी मेलमिलापमा लैजाने प्रवृत्तिका कारण अहिले हामी मध्ये धेरै जनाले आत्महत्याको बाटो रोज्नु परेको छ, यो यथार्थतालाई गम्भीरतासंग मेलमिलापमा पठाउने प्रवृत्तिको अन्त्य गर्न नीतिगत व्यवस्था गर्न आवश्यक परेमा कानुन संशोधनको माग गर्दछौँ ।

८. हिंसा प्रभावित महिलालाई प्रभावकारी सेवा प्रदान गर्न परिवारको साथ, समर्थन र व्यवहारको महत्वलाई स्वीकार गर्दै, परिवारका सदस्यलाई घटनामा सहयोग गर्ने, जिम्मेवारी बोध गराउने र मनोबल बढाउने पारिवारिक परामर्श तथा परिवार लक्षित कार्यक्रम निर्माण गर्न सरकारलाई आग्रह गर्दछौं ।

९. महिलाहरूले आर्थिक रूपमा सशक्त र स्वाबलम्बी भएर जीवनयापन गर्न सक्ने अवस्थाको सिर्जनाका लागि उनीहरूको उमेर, शिक्षा, सीप तथा इच्छा अनुरूप व्यावसायिक सीपमा जोड्दै उनीहरूलाई उद्यम, को-अपरेटिभको लोन, ब्याजरहित ऋणलाई उपलब्ध गराउने व्यवस्थाका लागि माग गर्दै, सीप विकासका अवसरहरुमा जोड्ने प्रयासमा नेतृत्व लिनेछौं ।

१०. हिंसा प्रभावितलाई पीडक पक्षबाट आउने धम्की, पीडकलाई गरिने राजनीतिक संरक्षण, लामो र झन्झटिलो न्यायिक प्रक्रिया लगायतका विविध कारणले केश होस्टाइल भइरहेको अवस्थालाई मध्यनजर गर्दै घटना होस्टाइल हुने कारणहरुको पहिचान नै नगरी हिंसा प्रभावितलाई दोष लगाउने संस्कृतिको अन्त्य सरकारलाई आग्रह गर्दछौँ ।

११. महिलाको श्रम, शरीर र पहिचानमाथि परिवार तथा समाजले गर्दै आएका नियन्त्रणका कारण हिंसा कायम रहँदै आएको यथार्थलाई स्वीकार्दै, महिलाको श्रम, शरीर र पहिचानमाथि स्वनिर्णय लिन सक्ने वातावरण निर्माण गर्न राज्यसँग माग गर्दछौं ।

१२. हिंसाकाका कारण हिंसा प्रभावित र उनीहरुको सन्तानमाथि पर्ने मानसिक असरलाई ध्यानमा राखी समुदाय तहमा मनो-परामर्श केन्द्र स्थापना तथा यसको सहज पहुँचको वातावरण सिर्जनाका लागि सरकारलाई अपिल गर्दछौं ।

हिंसा प्रभावित महिलाहरु परिवर्तनका संवाहक हुन् । हामी आफ्नो जीवनका अन्यायपुर्ण भोगाइलाई चुनौति दिदै आफ्नो तथा अन्य धेरै पछाडि पारिएका समुदायको अधिकारका लागि अग्रणी भुमिका खेलिरहेका छौ । त्यसैले हामी हिँसा प्रभावीत महीलाहरुलाई हेर्ने बिभेदकाकारी दृष्टिकोणमा परिवर्तन गर्दै र परिवर्तन को माग गर्दै हामी यो घोषणा पत्र अनुरुपको व्यवस्था नभए सम्म आन्दोलनरत रहनेछौ । हाम्रा माग सम्बोधनका लागी सरकारबाट हुने सकारात्मक कार्यहरुलाई समुदाय सम्म पुर्‍याउँदै, सबै हिँसा प्रभावितहरुका लागि सहयोगी वातावरण निर्माण गर्न सरकारका सबै संयन्त्रहरुलाई आवश्यक सहयोग गर्न हामी प्रतिवद्ध रहनेछौं ।

२०८२ मंसिर १४ गते,

काठमाण्डौ